आज मिति २०७६ आश्विन १० गते शुक्रवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको त्रिचालिसौं कार्यपालिका वैठकमा देहाय वमोजिमको उपस्थित रह्यो ।

| क्र. स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष | श्री श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष | श्री दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष | श्री सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष | श्री जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष | श्री महेश्वर के.सी. | | |
| ९ | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष | श्री केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष | श्री जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष | श्री मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष | श्री उत्तम अधिकारी | | |
| १४ | न.का.स | श्री पार्वती अधिकारी | | |
| १५ | न.का.स | श्री कल्पना घिमिरे | | |
| १६ | न.का.स | श्री जगतमाया महर्जन | | |
| १७ | न.का.स | श्री उर्मिला बि.क. | | |
| १८ | न.का.स | श्री शोभा तामाङ | | |
| १९ | न.का.स | श्री लिला भुजेल | | |
| २० | न.का.स | श्री बच्चु बस्याल | | |
| २१ | न.का.स | श्री सन्जिव सुनुवार | | |
| २२ | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री प्रदिप पौडेल | | |

Scanned by CamScanner

प्रस्तावहरु :-

१. चिनको तिव्वत स्थित नाक्खु शहर संग भगिनी सम्वन्ध कायम गर्ने सम्वन्धमा ।

२. सहकारी नियमावली पारित सम्वन्धमा ।

३. नगरपालिकाको आ.ब २०७६/७७ को लागि दररेट स्वीकृत गर्ने सम्वन्धमा ।

४. 'घ' वर्गको ईजाजतपत्र स्वीकृत सम्वन्धमा ।

५. विविध ।

निर्णयहरु –

१. यस नगरपालिका र चिनको तिव्वल स्थित नाक्खु शहर संग भगिनी सम्वन्ध कायम गर्नको लागि संघीय तथा प्रदेश सरकार संग अनुमति लिनको लागि आवश्यक प्रकृया कार्यान्वियनको लागि अगाडी वढाउने निर्णय गरियो ।

२. यस कार्यपालिका वैठकमा पेश भएको टोखा नगरपालिकाको सहकारी नियमावली परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस कार्यपालिका वैठकमा पेश भएको चालु आ.ब २०७६/७७ को प्राविधिक दररेटलाई परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

४. यस नगरपालिका कार्यालयमा घ वर्गको ईजाजत स्वीकृतको लागि माग गरि सम्वन्धित समितिवाट सिफारिस भई आएका तपशिल वमोजिमका निर्माण व्यावसायीहरुलाई घ वर्गको नयाँ ईजाजत दिने निर्णय गरियो ।

क. सिद्धिजनक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, टोखा-८

ख. तथागत कन्स्ट्रक्सन प्रा.लि, टोखा-१०

ग. ऐरावती कन्स्ट्रक्सन प्रा.लि, टोखा-१०

घ. पिजन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि,टोखा-१०

ङ. गणपति एण्ड वजरंग विल्डर्स, टोखा-१

च. पूर्ण कुमारी निर्माण सेवा, टोखा-११

छ. के.वि.एल विल्डर्स प्रा.लि, टोखा-३

ज. ग्रेटवाल विल्डर्स प्रा.लि,टोखा-४

झ. नर्थ साउथ ईन्जिनियरिङ, टोखा-१०

ञ. घोताने कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, टोखा-८

५. विविध

Scanned by CamScanner

क. यस नगरपालिका कार्यालयमा कर्मचारी समायोजन पश्चात विभिन्न सेवा समूहका कर्मचारीहरुको समायोजन भएकोले २०७६/७७ को नगरसभा सम्पन्नको समयमा विनियोजित कर्मचारी तलव भत्ता शिर्षवाट उल्लेखित कर्मचारीहरुलाई तलव वितरणको लागि रकम नपुग हुने भएकोले अल्या शिर्षकमा वाँकी रकमवाट उक्त शिर्षकको लागि थप रकम रु २ करोड ३० लाख रकम आगामी नगरसभावाट अनुमोदन हुने गरी थप विनियोजन गर्ने निर्णय गरियो।

ख. यस टोखा नगरपालिका वडा नं. ९ वस्ने लक्ष्मी रेग्मीको श्रीमान मिमराज रेग्मी हिडीरहेको वखत सडक दुर्घटनामा निधन भएकोले निज लक्ष्मी रेग्मीलाई ५० हजार आर्थिक सहयोग दिने निर्णय गरियो।

ग. तपशिल वमोजिमका विरामीहरुलाई तपशिल वमोजिमको स्वास्थ्य उपचार कोषवाट आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो।

- मृगौला विरामी टोखा नगरपालिका वडा नं. ७ वस्ने नारायण रानामगरलाई रु २५ हजार।
- मृगौला विरामी टोखा नगरपालिका वडा नं. ३ वस्ने सुजित श्रेष्ठलाई रु २५ हजार।
- मृगौला विरामी टोखा नगरपालिका वडा नं. ८ वस्ने रमेश थापालाई रु २५ हजार।
- एपेन्डिक्स विरामी टोखा नगरपालिका वडा नं. ११ वस्ने लक्ष्मी सार्कीको छोरी वर्षा मगरातीलाई रु १५ हजार।

घ. यस नगरपालिका वडा नं. ५ को वसुन्धरा कल्की मन्दिर देखि श्रीसमाज भवन हुदै कृष्ण मन्दिर जाने सडक श्रीमार्गको मापदण्ड ६ मीटर चौडा निर्धारण गर्ने निर्णय गरियो।

ङ. यस नगरपालिका वडा नं. ३ को सदभावना टोल विकास संस्थाले स्थानीय उपभोक्ता समितिको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागतमा सडक ढलान कार्यको लागि माग भएकोले उल्लेखित ४०-६० प्रतिशत लागत सहभागितामा कार्य गर्नको लागि रु ८ लाख समपुरककोष वाट उक्त टोल विकास संस्थालाई विनियोजन गर्ने निर्णय गरियो।

च. टोखा ३ स्थित श्रीउज्यालो वस्ती टोल विकास संस्थावाट सडक ढलान गर्ने कार्यको लागि समपुरकोषवाट रकम विनियोजनको लागि प्राविधिक लागत अनुमान निर्माणको लागि प्रकृया अगाडी वढाउने निर्णय गरियो।

छ. राष्ट्रिय यूवा कविता प्रतियोगिता एंव यूवा कार्यशालाको लागि रु ५ लाख रकम विनियोजन गर्ने निर्णय गरियो।

ज. यस नगरपालिकाको वडा नं. २ र ३ को भू-भागलाई टोखा संरक्षितक्षेत्र स्थापना गर्नको लागि तपशिल वमोजिमको टोखा संरक्षित क्षेत्र विकास समिति गठन गर्ने निर्णय गरियो।

संयोजक- श्री गणेशमान श्रेष्ठ

सदस्य – श्री मनिश जोशी

सदस्य – श्री जनक श्रेष्ठ

Scanned by CamScanner

सदस्य – श्री हिराकाजी डंगोल

सदस्य – श्री रविना श्रेष्ठ

सदस्य – श्री सन्जिव सुनुवार

कार्यकारी निर्देशक – श्री विकास श्रेष्ठ

झ. यस नगरपालिकाको नगरसभाले मेयर दिवा खाजा कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्था समेत गरेकोले नगरपालिका भित्र रहेका समुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा १ देखि ८ कक्षा सम्मका वालवालिकाहरुलाई संघीय सरकारकै निर्देशिका अनुसार प्रति विद्यार्थी प्रति दिन रु १५ रुपैयामा नवढ्ने गरी मेयर दिवा खाजा कार्यक्रम प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

ञ. प्रदेश सरकारको नीति अनुरुप एक विद्यालय एक नर्स कार्यक्रमको लागि टोखा नगरपालिका वडा नं. ७ मा रहेको तिलिङ्गटार मा.विलाई छनौट गर्ने निर्णय गरियो ।

ट. यस नगरपालिका वडा नं. ५ मा रहेको ईशान वाल तथा महिला अस्पतालको जग्गा विवाद सम्वन्धमा सम्वन्धित मालपोत तथा नापी कार्यालयवाट प्रचलित कानून वमोजिम साध सिमाना एकिन गरी प्रकृया अगाडी वढाउन ईशान वाल तथा महिला अस्पताललाई जानकारी गराउने निर्णय गरियो ।

ठ. मिति २०७६-५-११ मा भएको तीजको उपलक्ष्यमा सास्कृतिक तथा हस्तकला प्रदर्शनी कार्यक्रम संचालन भएकोमा उक्त कार्यक्रममा साविकमा विनियोजन गरेको रकमले नपुग भएकोले उक्त कार्यक्रयको लागि संस्कृति संरक्षण तथा प्रवर्धन कोषवाट रकम रु १ लाख ५० हजार थप विनियोजन गर्ने निर्णय गरियो ।

ड. यस नगरपालिकामा रही सिलाई सीप सिकेका व्यक्तिहरुलाई सिलाई स्किल टेष्ट तह-२ संचालनको लागि रकम रु ८० हजार विनियोजन गर्ने निर्णय गरियो ।

ढ. यस नगरपालिका भएर वहन नदीहरु विष्णुमति, साङ्लेखोला, सपनतीर्थ खोला, कुडोल खोला, गणेश खोला लगायतका नदी तथा खोला खोल्चीहरुमा नदीजन्य पदार्थ उत्खनन् कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने निर्णय गरियो ।

ण. यस नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरुलाई साविकमा उपलब्ध गराउदै आएको तलवमा चालु आ.ब २०७६/७७ वाट २० प्रतिशत थप गरी तलव उपलब्ध गराउने निर्णय गरियो । साथै, अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

त. श्रीमान नगरप्रमुखज्यूको तोक आदेशमा खेलकूद शिर्षकवाट भएको तपशिल वमोजिमको खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- भारतमा भएको साम्वो खेलमा सहभागि भएका निरज अधिकारीलाई रु २२ हजार सहयोग उपलब्ध गराएको ।

Scanned by CamScanner

- भारतमा भएको साम्वो खेलमा सहभागि भएका सव्वारानी महर्जनलाई रु २५ हजार सहयोग उपलब्ध गराएको ।
- वैङ्ककमा भएको इन्टरनेशनल फुटभली च्यापिम्पयनसिप २०१९ मा नेपालको तर्फवाट प्रतिनिधित्व गर्ने मनिश जोशीलाई रु ५० हजार सहयोग उपलब्ध गराएको ।

थ. निम्न बमोजिमका योजनाहरुको वृस्तृत परियोजना प्रतिवेदन(DPR) बनाउने निर्णय गरियो :

- टोखा सरस्वती मन्दिर, टो. न. पा.-३ को DPR तयार गर्ने
- टो. न. पा.-२ र टो. न. पा.-३ को चण्डेश्वरी अवस्थित खानेपानी ट्यांकीको DPR तयार गर्ने
- वडा नं.८ को मेरिगोल्ड नजिकको विष्णुमति खोला पुलको DPR तयार गर्ने

द. बौडेश्वर परियोजनाको EIA गर्ने निर्णय गरियो ।

ध. नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु. २०,०२,८२,९६५/७८ (अक्षेरेपी बिस करोड दुइ लाख बयासी हजार नौ सय पैसठ्ठी रुपैयाँ अठहत्तर पैसा) को लागत अनुमान स्वीकृत गरि भवन निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

Scanned by CamScanner